नेपाल सरकार
# गृह मन्त्रालय
# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग
(योजना,अनुगमन तथा सम्पत्ति व्यवस्थापन शाखा)
सिंहदरवार, काठमाडौं

प.स. ०७८।०७९
च.न.

मिति : ०७९।०३।०७

**सवारी साधनहरु लिलाम विक्रीको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि २१ दिने सुचना ।**

**प्रथम पटक प्रकाशित सूचना : २०७९।०३।०७ गते**

**सुचना नं.: सवारी/०१/०७८-०७९**

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा २१ मा भएको व्यवस्था बमोजिम विशेष अदालतको मिति ०७८।११।०४ गतेको निर्णय र मूल्याङ्कन समितिको मिति ०७९।०३।०५ गतेको निर्णय एवं विभागको मिति ०७९/०३/०७ को निर्णय बमोजिम सवारी साधनहरु तपशील अनुसारको शर्तमा लिलाम बिक्री गर्न यो सिलवन्दी दरभाउपत्र प्रकाशन गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र,गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि सहित रु विस लाख भन्दा कमको भए रु १,०००। र सो भन्दा माथि भए रु रु ३,०००।को फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखामा बुझाएको रकमको रसिद संलग्न गरी मिति ०७९/०३/२७ गते कार्यालय समय सम्ममा विभागबाट खरिद गर्न सकिनेछ ।

२. व्यक्ति र फर्म वा कम्पनीले आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफुले सम्बन्धित सवारी साधनलाई कवोल गरेको अंक सहित सिलबन्दि दरभाउपत्र मिति ०७९/०३/२८ गते दिनको २:०० बजे भित्र विभागमा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोपाईटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी खाम बाहिर श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र सूचना नं. उल्लेख गरि दर्ता गर्नुपर्नेछ ।

३. व्यक्ति र फर्म वा कम्पनीले सिलवन्दी दरभाउपत्रमा सम्बन्धित सवारी साधनको मूल्याङ्कन भई कायम भएको रकमको २० ( बीस ) प्रतिशत रकम को.ले.नि.का. सिंहदरवारको राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं मा १९६०१००१०२०३००००, कार्यालय कोड ३१४००३५०३ उल्लेख गरी जम्मा गरेको सक्कलै भौचर र व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र,गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

नेपाल सरकार

# गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

(योजना,अनुगमन तथा सम्पत्ति व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाडौं

प.स. ०७८।०७९

च.न.

मिति : ०७९।०३।०७

४. आफुले कवोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिइनेछ ।

५. सवारी साधनहरु यातायात व्यवस्था कार्यालयहरुमा दर्ता गर्ने प्रयोजनका लागि लाग्ने सम्पुर्ण दस्तुर तथा करहरु लिलाम सकार गर्ने व्यक्ति स्वयंले तिर्नुपर्नेछ ।

६. विभागमा पेश हुन आएका सम्पुर्ण सिलबन्दी दरभाउपत्र मिति ०७९/०३/२८ गते दिनको ४:०० बजे विभागमा सम्बन्धित व्यक्ति र फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधिहरु अनुपस्थित भएमा सिलबन्दी दरभाउपत्र खोल्न विभागलाई कुनै बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

८. सूचना उल्लेखित बाहेकका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

९. व्यक्ति र कम्पनी वा फर्मले लिलाम बिक्री हुने सवारी साधनहरु सम्बन्धि केही बुझ्न चाहेमा विभाग आई आर्थिक प्रशासन वा भण्डारण शाखामा बुझ्न सकिनेछ ।

सन्त बहादुर सुनार

महानिर्देशक